# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
(लुम्बिनी प्रदेश,नेपाल)

वेवसाईट www.mayadevimunkapilvastu.gov.np
ईमेल mayadevirm@gmail.com

पत्र संख्याः ०७९।०८०
च.न. १५२२

मितिः२०७९।११।२१

विषयः विद्यालय व्यवस्थापन समिति गठन सम्वन्धमा ।

श्री सबै विद्यालयहरु,
मायादेवी गाउँपालिका,कपिलवस्तु ।

प्रस्तुत विषयमा शिक्षा ऐन,२०२८ को दफा-१२ मा विद्यालय व्यवस्थापन समिति गठन अन्तर्गत उपदफा(१) र (४) मा सामुदायिक/संस्थागत विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने कानुनी व्यवस्था रहेकोमा यस गाउँपालिका अन्तर्गत सञ्चालित केही विद्यालयहरुले विद्यालय व्यवस्थापन समितिको पदावधि सकिएको एक वर्षभन्दा बढी भइसक्दा समेत गठनको प्रक्रिया सुरु नगरेको कारण विद्यालय सञ्चालन र व्यवस्थापनमा समस्या सिर्जना भएकोले विद्यालय व्यवस्थापन समिति सदस्यको पदावधि समाप्त भएका विद्यालयहरुले तत्काल विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया अगाडि बढाउनुहुन अनुरोध छ ।विद्यालय व्यवस्थापन समिति गठन नगर्ने विद्यालयहरुलाई यस कार्यालयबाट निकासा हुने शिक्षक तलब लगायतका अनुदानहरु रोक्का समेत गरिने व्यहोरा जानकारी गराइन्छ ।

आ।
२०७९।११।२१
माधव प्रसाद घिमिरे
शिक्षा अधिकृत

२०७९।११।२१
प्रमेश्वर यादव
प्रमुख प्रशासकीय अधिकृत
प्रमेश्वर यादव
प्रमुख प्रशासकीय अधिकृत

CamScanner